प्रदेश सरकार
उद्योग,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकाश निर्देशनालय
**कृषि ज्ञान केन्द्र,सुनसरी**
कोशी प्रदेश

फोन :- ०२५-५६५१२४
email: akcsunsari@gmail.com


प.सं.:०८०/८१

सुचना।                सुचना।।                सुचना।।।

# प्रस्ताव आव्हान सम्वन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०८/१८**

कृषि ज्ञान केन्द्र सुनसरीको आ.व. ०८०/०८१ को बार्षिक स्विकृत कार्यक्रम अनुसार प्रदेश कृषि व्यवसाय प्रबर्द्धन अनुदान ऐन २०७७ तथा नियमावली र मापदण्ड २०७८ बमोजिमका शर्तहरु पालना गरी तपसिलका कार्यक्रम संचालन गर्नका लागी सुनसरी जल्ला अन्तर्गतका इच्छुक कृषक समुह/कृषि सहकारी संस्था/कृषि उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र( २०८०/०९/०२) तोकिएको ढाँचामा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । साथै रित नपुगेका र म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गराइने छैन ।

थप जानकारीका लागी यस कार्यालयको फोन नं.०२५-५६५१२४, सुचना अधिकारी श्री प्रविण लाल श्रेष्ठ मो.नं. ९८५२०३९०६८ मा वा स्थानिय तहका कृषि विकास शाखामा.कार्यालय समय भित्र सम्पर्क राख्नुहुन वा कार्यालयको वेभसाईट akcsunsari.koshi.gov.np बाट कार्यक्रम सम्बन्धि ऐन, नियमावली र मापदण्ड डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

**कार्यक्रमको विवरण:**

| क्र.सं. | कार्यक्रमको नाम | परिमाण | उपलब्ध हुनसक्ने अधिकतम अनुदान प्रतिशत/रकम | साझेदार निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४ वटा | कुल लागतको ७५% वा बढीमा ५ लाख मात्र । | कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी | -कम्तिमा ३० हेकंटर जग्गामा क्षेत्र विस्तार<br>-मकै खेति सम्भावना भएका नँया क्षेत्र लाई प्राथमिकता दिइने । |
| २ | चैते धान बिशेष सहयोग कार्यक्रम | ५० हे | प्रति कठ्ठा ५०० रुपैया नगद प्रोत्साहन उपलब्ध गराउन सकिने | कृषक/कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी | **दोस्रो पटक प्रकाशित** |

## संलग्न गर्नुपर्ने आवाश्यक कागजातहरु

- रु १०/- को टिकट सहितको प्रस्तावना पत्र ।
- कृषक समुह/कृषि सहकारी संस्था/कृषि उद्यमीको दर्ता वा नवीकरण गरेको प्रमाण पत्र प्रतिलिपि तथा समुह/संस्थाले कार्यक्रम कार्यान्वयन गर्न अख्तियारी सहितको बैठक निर्णयको प्रतिलिपी ।
- PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
- आ.ब.को ०७९/०८० को कर चुक्ता गरेको प्रमाणपत्र प्रतिलिपि ।
- आ.व.०७९/०८० को लेखा परिक्षणको प्रमाणित प्रतिलिपी ।
- आवेदकले दोहोरो पर्ने गरि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्व:घोषणा पत्र ।
- आफ्नो स्वामित्व खुल्ने जग्गा धनीपूर्जा प्रमाण पत्रकोप्रतिलिपी/जग्गा भाडामा खेति लिएको भए ५ वर्ष र स्थायी संरचनाको हकमा न्युनतम १० बर्ष सम्म भाडामा लिइ सो को सम्वन्धित स्थानिय तह/वडाको रोहवरमा करारनामा गरेको प्रमाणित कागजात ।
- प्रस्तावना निबेदन दस्तुर कृषकको हकमा रु. १००/- र संस्थागत रु २००/- राष्ट्रिय वाणिज्य बैक ली.को राजश्व दाखिला फारममा कृषी ज्ञान केन्द्र सुनसरीको कोर्यालय कोड ३१२०११४०११ र राजस्व शिर्षक १४२२९ मा जम्मा गरेको सक्कल भौचर।
- सम्वन्धित स्थानिय तह कृषि विकास शाखाको सिफारिस पत्र ।
- निवेदक कृषकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
- सम्वन्धित कार्यक्रम संगको कुनै अनुभव भए सो को प्रमाण पत्रको प्रतिलिपी ।
- कार्यक्रम अनुसार कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली र मापदण्ड २०७८ बमोजिम थप कागजातहरु माग गर्न सकिने र कागजातहरु अपुग भएमा प्रस्ताव स्वत रद्ध हुने छ ।

**पुनश्च: प्रस्तावकले विगत ३ आ.व. भित्र कृषि व्यवसाय प्रवर्द्धन ऐन२०७७, नियमावली २०७८ बमोजिम अनुदान प्राप्त गरेको भएमा कार्यक्रममा समावेश गराइने छैन साथै प्रस्तावनाको ढाँचा प्रदेश कृषि व्यवसाय प्रर्वद्धन नियमावली २०७८को अनुसुची-२ वमोजिम पेश गर्नु पर्ने छ।**

नील कमल सिंह
कार्यालय प्रमुख